# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड :                    संख्या:                    प्रकाशित मिति: २०७७/०६/२५

**भाग-**

## रोङ गाउँपालिका उत्पादनका लागि आवश्यक कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिका
# उत्पादनका लागि आवस्यक कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७

**पृष्ठभूमि :** रोङ गाउँपालिकाका कृषक, कृषि उद्यमी तथा व्यवसायिक कृषकलाई अनुदानको माध्यमबाट आवस्यक कृषि उत्पादनका लागि आवस्यक सामाग्री उपलब्ध गराई कृषि कर्मलाई आधुनिकिकरण गर्दै कृषकहरुको जीवन स्तरमा सुधार ल्याउन र खेती प्रणालीलाई व्यवस्थित तथा पारदर्शी बनाउन वाञ्छनिय भएकोले ,रोङ गाउँपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम प्रारम्भ :

(क) यस कार्यविधिको नाम “उत्पादनका लागि आवस्यक कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रम संचालन कार्यविधि,२०७७” रहेको छ ।

(ख) यो कार्यविधि रोङ गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ अनुदान ” भन्नाले यस कार्यविधि अनुरुप कृषकहरुका लागि आवस्यक कृषि सामाग्री, यन्त्र उपकरण, गुणस्तरिय बीउविजन, बिरुवा, प्राङ्गारिक मलखाद, प्राङ्गारिक, जैविक बिषादि तथा मागमा आधारित कृषकलाई प्रदान गरीने वस्तुगत वा नगद सहुलियत लाई सम्झनु पर्दछ ।

(ख) “ अनुदानग्राही ” भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका अनुदान प्राप्त गर्ने कृषक, समूह, सहकारी, फार्मलाई सम्झनु पर्दछ ।

(ग) “फार्म/समूह/सहकारी ” भन्नाले रोङ गाउँपालिकामा दर्ता, नविकरण तथा लेखा परिक्षण भएका कृषि फार्म, समुह तथा सहकारीलाई बुझ्नु पर्छ ।

(घ) “ कार्यपालिका ” भन्नाले रोङ गाउँपालिकाको कार्यपालिकालाई बुझ्नुपर्दछ ।

(ङ) “ शाखा ” भन्नाले रोङ गाउँपालिकाको बिषयगत शाखा अन्तर्गतको आर्थिक विकास शाखालाई बुझ्नुपर्दछ ।

(च) “ कृषि विकास शाखा ” भन्नाले रोङ गाउँपालिकाको आर्थिक विकास शाखा अर्न्तगत रहेको कृषि विकास शाखा लाई बुझ्नु पर्दछ ।

(छ) “ वडा कार्यालय ” भन्नाले रोङ गाउँपालिकाको सबै वडा कार्यालयहरुलाई बुझ्नु पर्दछ ।

(ज) “ मुल्याङकन समिति ” भन्नाले यस कार्यविधिको बुँदा नं.७ बमोजिम गठित मूल्याङकन समिति लाई बुझ्नु पर्दछ ।

### ३. अनुदान वितरणका क्षेत्रहरु :

यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

**(क) साना सिंचाइ :** व्यक्तिगत, व्यवसायीक समूह, फार्म वा सहकारीमा आबद्ध भएर खेती गर्ने कृषकहरुलाई गाउँपालिका तथा वडा कार्यालयबाट साना सिँचाइ, कुलो मर्मत,पम्पीङ्ग,सिँचाइका लागि पाइप वितरण गरी खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्था गरिने ।

**(ख) साना औजार :** व्यक्तिगत, व्यवसायीक समूह, फार्म वा सहकारीमा आबद्ध कृषकहरुलाई गाउँपालिका तथा वडा कार्यालयमा कृषि तर्फ विनियोजन भएका रकमबाट हाते ट्रयाक्टर, पावर टिलर २० हर्जपावर , मिनि टिलर तथा attachment सामाग्री, थोपा सिँचाइ प्रणालीहरु, मल्चिङ प्लाष्टिक, प्लाष्टिक टर्नेल, ग्रिन नेट, एग्रो नेट, लगायतका कृषि सामाग्रीहरुमा ७५ प्रतिशत अनुदान दिइनेछ ।

**(ग) बीउ वितरण :** गाउँपालिका एवं वडा कार्यालयमा कृषि तर्फ विनियोजन भएको बजेटबाट कृषकहरुलाई ५० प्रतिशत तथा ७५ प्रतिशत अनुदानमा बीउविजन, प्राङ्गारिक मलखाद, प्राङ्गारिक/जैविक बिषादि उपलब्ध गराइनेछ तथा आवस्यकता अनुसार तरकारीको मिनिकिट/सिडकिट शतप्रतिशत अनुदानमा तथा रोग किरा महामारीको बेलामा शतप्रतिशत अनुदानमा बिषादी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**(घ) तालिम :** कृषकहरुलाई व्यवसायीक बनाउन र नयाँ प्रविधिहरु सिकाउने खालका तालिम कार्यक्रमहरु गाउँपालिका तथा वडाहरुबाट प्रदान गरिनेछ ।

**(ङ) मागमा आधारित तरकारी खेती :** बजारको माग बमोजिम तरकारी उत्पादन गरि कृषकको आयस्तरमा बृद्धि गर्दै समूह/ फार्महरुलाई व्यवसायीकरण तर्फ लैजानका तथा बजारमा तरकारी अभाव / बाह्य आयातलाई न्यूनिकरण गर्दै ताजा तरकारी उत्पादनका लागि प्राथमिकता प्रद्धत्त बाली/वस्तुहरु आलु, टमाटर, अकबरे खोर्सानी, भेडे खोर्सानी, अन्य खोर्सानी, कुरिलो, च्याउ, काउली, ब्रोकाउली, बन्दा, प्याज, लसुन, करेला, तिते बीँ, भिन्डी आदि रहनेछन् ।

**(च) भकारो सुधार कार्यक्रम :** गोठे मलमा भएको खाद्यतत्वको क्षती तथा चुहावट न्यूनिकरण गरि गुणस्तरिय मल उत्पादनलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रकृया

### ४. कार्यक्रम संचालन :

(क) यो कार्यक्रम रोङ गाउँपालिका कृषि विकास शाखा मार्फत् संचालन गरिनेछ ।

(ख) अनुदान प्रदान गर्नका लागि प्रत्येक वडामा कृषि तथा पशुपालन समूह गठन गरि समूह मार्फत संचालन गरिनेछ ।

(ग) यस्तो समूहले वडा र गाउँपालिकाको कृषि शाखासँग समन्वय गरी प्राप्त अनुदानबाट भएको उत्पादन र बिक्रिको रेकर्ड शाखामा उपलब्ध गराउनु पर्नेछ ।

### ५. प्रस्तावकको योग्यता :

(क) कार्यक्रम संचालन हुने स्थानमा सिँचाइ सुविधा, यातायात सुविधा, विधुत्को सुविधा पुगेको हुनुपर्नेछ ।

(ख) भौगोलिक तथा हावापानीको हिसाबले उपयुक्त हुनुपर्नेछ ।

(ग) समूह,फार्म,सहकारी गठन भइ कार्यक्रम सञ्चालन गर्नका लागि पहिलो बर्ष दर्ता भएको समूहको हकमा सुचना खुलेको मिति भन्दा अगाडी दर्ता भएको हुनुपर्नेछ ।

(घ) कृषि क्षेत्रमा काम गर्न प्रतिबद्धता सहित कार्य योजना भएको ।
(ङ) मागमा आधारित तरकारी खेती संचालन गर्ने स्थानको जग्गाको क्षेत्रफल न्यूनतम २० रोपनी भएको हुनुपर्नेछ ।
(च) करारमा लिएको जग्गाको हकमा न्यूनतम ५ बर्षको करार सम्झौता भएको हुनुपर्नेछ ।
(छ) प्रचलित कानून अनुसार दर्ता भएको कृषक समूह/कृषि फार्म/कृषि सहकारी हुनुपर्नेछ ।
(ज) कार्यक्रम संचालन गर्दा कृषक समूह, सहकारी तथा फार्महरुले क्लष्टरमा सञ्चालन गर्नुपर्नेछ ।

## ६. प्रस्ताव माग गर्ने :

(क) यो कार्यविधिमा उल्लेख गरिएका कार्यक्रम संचालन गर्नका लागी रोङ गाउँपालिकाको कृषि विकास शाखाले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्बजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी अनुसुची १ बमोजिम आवेदन/प्रस्ताव आह्वान सम्बन्धि कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रकाशन/प्रसारण गर्नु पर्नेछ ।
(ख) सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम संचालनका लागि अनुदान प्राप्त गर्न चाहने इच्छुक कृषक/कृषक समूह/फार्म/सहकारी संस्थाहरु वा प्रस्तावकले तोकिएको मिति तथा निर्धारित समय भित्र रोङ गाउँपालिकामा आफूलाई आवश्यक पर्ने अनुदानको विवरण सहित अनुसुची २ बमोजिमको आवेदन फारम भरी कृषक आफैँले कार्ययोजना/प्रस्ताव बनाइ अनुसुची ४ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

## ७. प्रस्ताव मूल्याङकन तथा छनौट समिति :

(१) यस कार्यविधि बमोजिम कृषि अनुदान वितरण कार्यक्रम संचालन/अनुदान हस्तान्तरणका लागी प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङकन तथा छनौट समिति रहनेछ ।
**देहाय :**

(क) गा.पा. उपाध्यक्ष रोङ गा.पा. – संयोजक
(ख) आर्थिक विकास विषयगत समितिका संयोजक – सदस्य
(ग) सम्बन्धित वडाको वडाअध्यक्ष – सदस्य
(ग) कार्यपालिका सदस्यहरु मध्येबाट १ जना – सदस्य
(ङ) कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

(२) मूल्याङकन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(३) मूल्याङकन समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## ८. प्रस्ताव छनौट तथा मूल्याङकन प्रक्रिया :

(क) प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिले आवस्यकता अनुसार अनुसुची ३ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि मूल्याङ्कन आधारहरुको थप व्याख्या गर्न सक्नेछ ।
(ख) प्राप्त आवेदन/प्रस्तावहरुको स्थलगत निरिक्षण हुनेछ ।
(ग) अनुगमनको क्रममा आवेदन/प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त ठहरिएमा सो आवेदन/ प्रस्ताव अयोग्य ठहर गरी बाँकी आवेदन/प्रस्तावहरुको मूल्याङकन प्रकृया अगाडी बढाइनेछ ।
(ग) मूल्याङ्कन तथा छनौट समितिले प्राप्त आवेदन/ प्रस्तावहरु मूल्याङ्कन गरी क्रमश बढी अंक प्राप्त गर्ने आवेदन/प्रस्तावहरुलाई छनौटको लागि स्वीकृत गर्नुपर्नेछ ।

## ९. संचालन हुने मुख्य मुख्य कृयाकलाप/ सहजिकरण तथा हस्तान्तरण प्रक्रिया :

१. यस कार्यक्रम अन्तर्गत साना सिँचाइ, पम्पीङ्ग, कुलो मर्मत, सिँचाइका लागि पाइप वितरण हाते ट्रयाक्टर, पावर टिलर २० हर्जपावर , मिनि टिलर तथा attachment सामाग्री, थोपा सिँचाइ प्रणालीहरु, प्लाष्टिक पोखरी, मल्चिङ प्लाष्टिक, प्लाष्टिक ट्यांकी, प्लाष्टिक टर्नेल, ग्रिन नेट, एग्रो

नेट, बीउविजन, भकारो सुधार, प्राङ्गारिक मलखाद, प्राङ्गारिक/ जैविक बिषादि खरिद जस्ता कार्यहरु समावेश हुनेछन् । यस कार्यका लागि सम्बन्धित प्राविधिकले सहजीकरण गर्नुपर्नेछ ।
२. नेपाल सरकारको प्रचलित ऐन नियम तथा स्थानीय दररेटका आधारमा कार्यक्रम संचालनार्थ गाउँपालिकाको तर्फबाट प्रत्येक आर्थिक बर्षमा बिनियोजित बजेटको परिधि भित्र रहि प्राप्त आवेदन/प्रस्ताव अनुसार उक्त कार्यक्रमबाट प्राप्त हुने उपलब्धी र प्रभावका आधारमा अनुसुची ६ बमोजिम सम्झौता गरी स्वीकृत लागत स्टिमेटको बढिमा ७५% (पचहत्तर प्रतिशत) सम्म अनुदान उपलब्ध गराइनेछ । उपलब्ध अनुदानको २५% रकम कृषक/समूह/सहकारी/फार्म आफैँले व्यहोर्नु पर्नेछ ।
३. प्राप्त अनुदानको सदुपयोग रेखदेख एवं निरन्तरता, संचालन साथै व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद - ३
## अनुगमन, निरिक्षण तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

### १०. अनुगमन, निरिक्षण तथा मूल्याङ्कन :

(क) यस कार्यविधि अनुसार उपलब्ध गराइने कार्यक्रमको अनुदानमा प्राप्त सामाग्री वा अनुदान रकमको सदुपयोग भए नभएको बारेमा रोङ गाउँपालिकाको कार्यालयले समय समयमा अनुगमन तथा निरिक्षण गर्नुपर्नेछ ।
(ख) कार्यालयले आवस्यक देखेमा जुनसुकै समयमा अनुगमन तथा निरिक्षण गर्न गराउन सक्नेछ ।

## परिच्छेद ४
## विविध व्यवस्था

### १२.प्रचलित कानून लागू हुने :

(क) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएका बिषयका हकमा सोहि बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका बिषयमा प्रचलित कानून बमोजिम हुनेछ ।
(ख) यस कार्यविधि बमोजिम अनुदान सामाग्री/रकम लिई दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

### १३. बाधा अड्काउ फुकाउने अधिकार :

यस कार्यविधिमा उल्लेखित प्रावधानमा कुनै द्धिविधा उत्पन्न भएमा वा कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्धिविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

### १६. कार्यविधिमा संशोधन/खारेजी :

रोङ गाउँपालिकाले यस कार्यविधिलाई आवस्यकता अनुसार समयानुकुल संशोधन तथा खारेजी गर्न सक्नेछ ।

**अनुसुची -१**
**(कार्यविधिको परिच्छेद २.को बुँदा नं. ६ (क) सँग सम्बन्धित )**

## उत्पादनका लागि आवस्यक कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रम संचालन सम्बन्धी आवेदन माग/प्रस्ताव आह्वानको सूचना

आर्थिक बर्ष ..............को रोङ गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार अनुदानमा कृषि सामाग्री/साना सिंचाइ/साना औजार/बीउबिजन वितरण/मागमा आधारित तरकारी खेती/भकारो सुधार/तालिम आदि कार्यक्रम संचालनका लागी रोङ गा.पा. क्षेत्र भित्र स्थायी बसोबास गर्ने इच्छुक कृषक/समूह/फार्म/सहकारीबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र रोङ गा.पा.कृषि विकास शाखामा तोकिएको ढाँचामा अनुसूची २ बमोजिम तपशिलका कागजातहरु सहित आवेदन/प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल :
१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. समूह,सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि ।
३. दर्ता, नवीकरण, स्थायी लेखा नं, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि ।
६.लागत अनुमान तथा कार्यक्रमको लागत सहभागिता खुलेको प्रस्ताव ।
७. कार्यालयको ढाँचा अनुसारको निवेदन तथा प्रतिबद्धता पत्र ।
८. सम्बन्धित वडाको सिफारिस ।
९. तालिम वा अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
१०.आवस्यक अन्य कागजातहरु ।

## अनुसुची -२
## (कार्यविधिको परिच्छेद २.को बुँदा नं. ६ (ख) सँग सम्बन्धित )

आवेदन फारम

मिति :.............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
रोङ गाउँपालिको कार्यालय
पहरीगाउँ, इलाम ।

**विषय : कृषि सामाग्री अनुदानमा उपलब्ध गराइ पाउँ ।**

महोदय,

प्रस्तुत बिषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी...................अनुदानमा अनुदानमा कृषि सामाग्री/साना सिंचाइ/साना औजार/बीउबिजन वितरण/मागमा आधारित तरकारीखेती/भकारोसुधार/तालिम कार्यक्रम संचालन गर्न इच्छुक रहेकोले ..................रकमको लागत अनुमान तयार गरी तपशिल बमोजिम कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**संलग्न कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. समूह,सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि ।
३. दर्ता, नवीकरण, स्थायी लेखा नं, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि ।
६. लागत अनुमान तथा कार्यक्रमको लागत सहभागिता खुलेको प्रस्ताव ।
७. कार्यालयको ढाँचा अनुसारको निवेदन तथा प्रतिबद्धता पत्र ।
८. सम्बन्धित वडाको सिफारिस ।
९. तालिम वा अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
१०.आवस्यक अन्य कागजातहरु

**निवेदक :**

नामथर :............................
पद : ..............................
हस्ताक्षर : ........................
सम्पर्क : ...........................
संस्थाको नाम : ..................
ठेगाना :...........................
संस्थाको छाप : ..................

**अनुसुची - ३**

**(कार्यविधिको परिच्छेद २, बुँदा नं. ८ (क) सँग सम्बन्धित)**

**प्रस्ताव मूल्याङकनका आधारहरु/मापदण्ड**

| क.सं. | बिषय | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौगोलिक अवस्था/हावापानीको उपयुक्तता/उत्पादन योजना र सम्भाव्यताको अवस्था (बिरुवाको जात अनुसार उचाइ,मोहोडा) | १५ | |
| २ | जग्गाको क्षेत्रफल | १५ | |
| ३ | जमिनको बनौट (समतल मिलेको, बढी भिरालो) | १० | |
| ४ | माटोको बनौट( दोमट/बलौटे, रातो चिम्टे) | १० | |
| ५ | | १० | |
| ६. | | १० | |
| ७ | सिँचाइ सुविधा (सिँचाइ/निकास भएको वा नभएको ) | १५ | |
| ८ | यातायात सुविधा ( भए/नभएको ) | ५ | |
| ९ | जनशक्ति व्यवस्थापन/जनशक्तिको अवस्था (तालिम,अनुभव भए /नभएको ) | ५ | |
| १० | अन्य आधारहरु । | ५ | |
| | जम्मा अंक | १०० | |

**नोट : न्यूनतम ३० अंक भन्दा कम अंक प्रदान गर्न पाइने छैन ।**

**अनुसुची -४**

**(कार्यविधिको परिच्छेद २.को बुँदा नं. ६ (क) सँग सम्बन्धित )**

## प्रतिबद्धता पत्र

रोङ गाउँपालिकाको मिति २०७..../.../....को सूचना अनुसार उत्पादनमा आधारित कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रममा सहभागिताका लागी कार्ययोजना सहितको आवेदन पेश गरेको छु /छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको काम गर्ने गरी घटीमा पाँच बर्ष निरन्तरता दिइ कार्य गर्नेछु/छौं । कार्य योजना अनुसारको कार्य नगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछु /छौं ।
इति संवत् २०७....../.../...

| दायाँ | बायाँ |
|---|---|
| | |

नामथर :............................
पद : ..............................
हस्ताक्षर : .........................
संस्थाको नाम : ..................
ठेगाना :...........................
संस्थाको छाप : ..................

**अनुसुची ५**
**(कार्यविधिको परिच्छेद २, बुँदा नं. ९ (२) सँग सम्बन्धित)**

# उत्पादनका लागि आवस्यक कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रमको सम्झौता

लिखितम् जिल्ला इलाम रोङ गाउँपालिका ......नं.वडा ........ टोल बस्ने म/हामी/हाम्रो श्री ...................... ले विगत ............अगाडि दर्ता गरेको दर्ता नं. .......दर्ता मिति ................ मा कृषि फार्म/समूह/सहकारी संस्था लि. रोङ गाउँपालिका कृषि बिकास शाखा कार्यालयमा दर्ता गरी यस कार्यालयको सूचना अनुसार म/हामी /हाम्रो समूह/सहकारी/फार्म लाई आवश्यक पर्ने नर्सरी स्थापना/स्तरोन्नती कार्यक्रम माग गरेको छु । मैले यसको कार्यविधि राम्ररी बुझेको छु। मैले प्राप्त गर्ने सामाग्री वा नगद सहयोग आफ्नो कृषि व्यवसायमा प्रयोग गर्नेछु। मेरो /हाम्रो नाममा रहेको यो नर्सरी अनुदान पाए पश्चात् ५ बर्ष सम्म कसैलाई पनि बिक्री बितरण वा हस्तान्तरण गर्ने छैन । यो सम्झौता बिपरित गरेमा कार्यालयको नियम अनुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारवाही व्यहोर्न राजी छु भनि यस सम्झौतामा सहीछाप गरिदिएँ

**गाउँपालिकाको तर्फ** **रोहवर** **कृषकको तर्फ**